# विधान

राष्ट्रिय जनसमृद्धि पार्टी नेपाल

केन्द्रीय समिति

www.npppn.org

# राष्ट्रिय जनसमृद्धि पार्टी नेपाल

२० भाद्र २०८२ मा बसेको राष्ट्रिय भेलामा प्रस्तुत तथा पारित

## विधान
## २०८२

नेपालको दीर्घ संघर्षमय राजनीतिक यात्राले संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ। इतिहासका धेरै मोडमा नेपाली जनताले स्वतन्त्रता, समानता र न्यायका लागि बलिदान दिएका छन्। नेपाली जनताले राखेको समृद्धिको चाहाना पुरा हुन सकेको छैन। जनताको जीवनस्तरमा देखिने गरि तात्विक भिन्नता देखिन सकेको छैन। देशमा चौतर्फी रूपमा आज पनि बेरोजगारी, असमानता, भ्रष्टाचार र अवसरको अन्यायपूर्ण वितरणले ग्रसित बनाएको यस विषम परिस्थितिमा समतामूलक, समावेशी र समृद्ध नेपालको निर्माण गर्न राष्ट्रिय जनसमृद्धि पार्टी, नेपाल स्थापना गरिएको हो।

लोकतान्त्रिक गणतन्त्र जनताको प्रत्यक्ष सहभागिता, जवाफदेही शासन र पारदर्शी व्यवस्थाबाट मात्र बलियो बन्न सक्छ। "जनताको शासन, जनताकै हातमा" भन्ने आदर्शमा दृढ रहँदै, पार्टीले सामाजिक न्याय, समान अवसर र नागरिक स्वतन्त्रतालाई राज्यको पहिलो कर्तव्य पुरा गरि, समृद्धि केवल स्रोतसाधनको उपयोग होइन, नागरिकको श्रम, सीप र सिर्जनात्मकतामा आधारित उत्पादनमुखी अर्थतन्त्र निर्माणबाट सम्भव तुल्याउन राष्ट्रिय जनसमृद्धि पार्टी नेपाल संकल्परत रहदै आएको छ।

जनताको आकांक्षाबाट प्रेरित, नागरिकको सकारात्मक हस्तक्षेप मार्फत सत्ता र शासकीय स्वरुप जनसेवामा केन्द्रीत गर्न नयाँ राजनीतिक संस्कार र वैचारिक अनुशासनमा विश्वास राख्दै भ्रष्टाचार, सत्ता-केन्द्रित राजनीति र सामन्ती सोच अन्त्य गर्दै स्वदेशी उत्पादन, उद्यमशीलता र नवप्रवर्तनलाई प्रोत्साहन गर्दै आत्मनिर्भर राष्ट्र निर्माण हाम्रो संकल्प हो। "स्वाभिमानी नागरिक, समान अवसर र आत्मनिर्भर नेपाल, साझा समृद्धि" को संकल्प साकार गरि समाज रूपान्तरण आकाङ्क्षा पूरा गर्न राष्ट्रिय जनसमृद्धि पार्टी नेपाल पार्टी गठन गरिएको छ र यही उद्देश्य साकार गर्न यो विधान जारी गरिएको छ।

### भाग - १

### पार्टीको नाम, छाप, झण्डा, व्याख्या, प्रारम्भ र परिभाषा

१) **नाम : यस पार्टीको नाम :** राष्ट्रिय जनसमृद्धि पार्टी नेपाल रहनेछ। अंग्रेजीमा National People's Prosperity Party Nepal भनिनेछ। संक्षेपमा जनसमृद्धि पार्टी वा NPPPN भनिनेछ।

२) **पार्टीको छाप :** यस पार्टीको सबै तहमा प्रयोग गरिने छाप अण्डाकार हुनेछ। जसमा माथि पार्टीको नाम नेपाली र तल पार्टीको नाम अंग्रेजीमा रहनेछ र बीचमा पार्टीको झण्डा, नेपाली तथा अंग्रेजी सम्बन्धित समिति, स्थापना मिति उल्लेख हुनेछ। छापको नमूना अनुसुची १ मा दिइएको छ।

३) **झण्डा :** राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको झण्डाको व्याख्या निम्न अनुसार रहेको छ : राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको झण्डा ३ अनुपात २ को आकारको पृष्ठभूमिमा उचाइको ३० प्रतिशत तल र ३० प्रतिशत माथि निलो रंगले राष्ट्र निर्माणमा आवश्यक शान्तिपूर्ण साहस, दृढसंकल्प, देशभक्तिको ऊर्जा र जनशक्तिको बलको प्रतीक र माझको ४० प्रतिशत सेतो रंगले देश परिवर्तन गर्ने चेतना, आत्मविश्वास, शान्ति र स्थिरता व्यक्त गर्दछ। साथै उदाउँदो परिलो सूर्यले नयाँ सुरुवात र परिवर्तनको उद्घोष, समृद्ध भविष्यको मार्गदर्शन र ज्ञान, पारदर्शिता, सत्य तथा प्रगतिको उज्यालो तथा उदाउँदो परिलो सूर्यमा रहेको पहेलो रंगले समृद्धि, बुद्धिमत्ता र सकारात्मक विकास को प्रतिनिधित्व गर्छ। साथै उदाउँदो परिलो सूर्य मुनि रहेको नीलो छाल (रेखा)ले देशको प्राकृतिक स्रोत-साधनको प्रतीक हो। झण्डाको नमुना अनुसुचीमा २ मा दिइएको छ।

४) **पार्टीको निर्वाचन चिन्ह :** राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको निर्वाचन चिन्ह रातो गोलाकार भित्र अर्ध चन्द्रमा रहनेछ। निर्वाचन चिन्हको नमुना अनुसुचीमा ३ मा दिइएको छ।

५) **व्याख्या :** यो विधान सम्वन्धी आवश्यक व्याख्या गर्नुपरेमा केन्द्रीय समितिले गर्नेछ।

६) **प्रारम्भ :** यो विधान राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको राष्ट्रिय भेलाद्वारा पारित भएको मितिबाट लागू हुनेछ।

**७) परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा ।

क) *(पार्टी)* भन्नाले राष्ट्रिय जनसमृद्धि पार्टी नेपाललाई बुझ्नुपर्दछ ।

ख) *(विधान)* भन्नाले राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको एकताको राष्ट्रिय भेलाद्वारा पारित विधान २०८२ लाई बुझ्नुपर्दछ ।

ग) *(पदाधिकारी)* भन्नाले पार्टीका सबै तहका समितिका अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव, कोषध्यक्षलाई बुझ्नुपर्दछ ।

घ) *(सदस्य)* भन्नाले पार्टीको विधान अन्तर्गत सदस्यता लिएका व्यक्ति तथा पार्टीका सबै तहका समितिका सदस्यहरूलाई जनाउँदछ ।

## भाग - २

## आधारभूत नीति तथा कार्यक्रम

**धारा - ८ : आधारभूत नीति तथा कार्यक्रम**

१) **लोकतान्त्रिक गणतन्त्र सुदृढ पार्नु -** जनताको सार्वभौमसत्ता, नागरिक स्वतन्त्रता, विधिको शासन र जवाफदेही शासन प्रणालीलाई बलियो बनाउँदै लोकतन्त्रलाई व्यवहारिक र जनमुखी बनाउने ।

२) **जनताको जीवनस्तरमा सुधार ल्याउने -** शिक्षा, स्वास्थ्य, रोजगारी, आवास र सामाजिक सुरक्षामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्दै जीवनस्तर उकास्ने ।

३) **भ्रष्टाचार र सत्ता-केन्द्रित राजनीति अन्त्य गर्ने -** नीति र नेतृत्वलाई जनउत्तरदायी, पारदर्शी र नीतिक बनाउँदै भ्रष्टाचार, ढोंगी राष्ट्रवाद र सामन्ती मानसिकताको अन्त्य गर्नु ।

४) **समतामूलक र समावेशी समाज निर्माण गर्ने -** जातीय, लैङ्गिक, वर्गीय, भाषिक, धार्मिक र भौगोलिक विभेद अन्त्य गरी समान अवसर र न्यायमा आधारित समावेशी शासन व्यवस्था विकास गर्नु ।

५) **उद्यममुखी र उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने -** स्वदेशी उत्पादन, सीप, श्रम र उद्यमशीलतालाई प्रोत्साहन गरी आत्मनिर्भर र निर्यातमुखी अर्थतन्त्र निर्माण गर्नु ।

६) **नवप्रवर्तन र प्रविधि-मैत्री विकासलाई प्रोत्साहन गर्ने -** प्रविधि, अनुसन्धान र सिर्जनात्मकतालाई राष्ट्रिय विकासको आधार बनाउँदै युवाशक्ति र प्रवासी नेपालीको ज्ञान र सीपलाई उपयोगमा ल्याउने ।

७) **शिक्षा र स्वास्थ्यलाई नागरिक अधिकार बनाउने -** गुणस्तरीय, निःशुल्क र व्यवसायिक शिक्षा तथा सुलभ, सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

८) **रोजगारी र श्रमको सम्मान सुनिश्चित गर्ने -** स्वदेशमै उत्पादक रोजगारी सिर्जना गर्दै श्रमिकको हक, पारिश्रमिक र सामाजिक सुरक्षा सुनिश्चित गर्ने ।

९) **कृषि, उद्योग र हरित विकास प्रवर्द्धन गर्ने -** कृषि आत्मनिर्भरता, ग्रामीण उद्योग, पुनःनवीकरणीय उर्जा र पर्यावरणमैत्री प्रविधिको प्रयोगद्वारा दिगो विकास सुनिश्चित गर्नु ।

१०) **महिला, दलित, जनजाति, मधेशी, पिछडिएका र सीमान्तकृत समुदायको सशक्तिकरण गर्ने -** समान अधिकार, प्रतिनिधित्व र अवसरको माध्यमबाट सबै समुदायलाई राष्ट्रिय विकासको मुख्य शक्ति बनाउने ।

११) **राष्ट्रिय एकता र स्वाभिमान सुदृढ पार्ने -** विविधतामा एकता, सांस्कृतिक सहअस्तित्व र राष्ट्रिय हितमा आधारित नीति अवलम्बन गर्दै स्वतन्त्र र स्वाभिमानी नेपाल निर्माण गर्ने ।

१२) **पारदर्शिता, सदाचार र निष्ठामा आधारित राजनीति विकास गर्ने** - जनउत्तरदायी नेतृत्व, नीति-निर्माणमा जनसहभागिता र राजनीतिक आचरणमा नीतक अनुशासन कायम राख्ने ।

१३) **न्यायपूर्ण र उत्तरदायी शासन प्रणाली स्थापना गर्ने -** राज्यका सबै अंगलाई नागरिकको नियन्त्रण र मूल्यांकन प्रणालीमा जोड्दै जनमुखी प्रशासन विकास गर्ने ।

**१४) "स्वाभिमानी नागरिक, समान अवसर र आत्मनिर्भर नेपाल, साझा समृद्धि" -** यही राष्ट्रिय आदर्श साकार पार्दै जनताको श्रम, सीप र सिर्जनात्मकतामा आधारित साझा समृद्ध नेपाल निर्माण गर्नु ।

**१५) गैर-आवासीय नेपालीहरूको योगदानलाई सम्मान गर्दै -** भावनामा देश बोकेर परदेशिन बाध्य नेपालीहरूको श्रम, सीप र पूँजीलाई राष्ट्रिय विकासमा जोड्दै, स्वाभिमानी "देशभक्त प्रवासी" का रूपमा अधिकार र पहिचान सुनिश्चित गर्ने ।

## भाग - ३

## पार्टीत्मक सिद्धान्त

१) पार्टी संचालन जनतामा आधारित केन्द्रीयताको पद्दतीअनुसर हुनेछ । जसअनुसार, व्यक्ति पार्टीको मातहतमा, अल्पमत बहुमतको मातहतमा, तल्लो कमिटीहरू माथिल्लो कमिटीको मातहतमा, सम्पूर्ण सदस्यहरू र सिङ्गो पार्टी केन्द्रीय समितिको मातहत हुनेछन् तथा केन्द्रीय समिति राष्ट्रिय सम्मेलनको मातहतमा हुनेछ ।

२) यस पार्टी जनताको सर्वोच्चता र नागरिक स्वतन्त्रता, विधिको शासन र जवाफदेही सरकार, सामाजिक न्याय र समावेशी समानता, स्वदेशी उत्पादन र नवप्रवर्तनमुखी अर्थतन्त्र, पारदर्शिता, सदाचार र उत्तरदायी राजनीतिमा आधारित पार्टी हुनेछ ।

३) सम्पूर्ण संगठित सदस्यहरूले सामुहिक निर्णय र व्यक्तिगत उत्तरदायित्वको नीति अनुसार काम गर्नुपर्नेछ ।

४) पार्टीका कुनै पनि तहमा संगठीत सदस्यले पार्टीको पद्दती अनुसार आफ्ना मतहरू राख्ने अधिकार रहनेछ ।

५) गणपुरक संख्या सामान्य बहुमत भए हुनेछ । बहुमत भन्नाले ५१ प्रतिशत वा सो भन्दा बढीलाई बुझ्नुपर्नेछ ।

६) पार्टीको सबै तहका समितिमा महिला, दलित, मधेशी र अल्पसंख्यक समुदायको नेतृत्व विकास र सहभागितामा विशेष जोड दिनुपर्नेछ ।

## भाग - ४

## सदस्यताबारे

### धारा - १० : सदस्यता

यस पार्टीद्वारा पारित राजनीतिक प्रतिवेदन, नीति, कार्यक्रम र विधानलाई निःशर्त स्वीकार गर्ने, पार्टीको अनुशासन पालना गर्न मन्जुर हुने, पार्टीको निर्णयलाई कार्यान्यन गर्न प्रतिवद्ध, नियमित सदस्यता शुल्क तिर्ने व्यक्तिहरु पार्टीको संगठित सदस्यताको लागि आवेदन दिन सक्नेछन् ।

### धारा - ११ : पार्टी सदस्यता प्राप्त गर्ने प्रक्रिया

क) नेपाल वा विश्वको विभिन्न मुलुकमा बस्ने १८ वर्ष उमेर पुरा पुगेका नेपाली नागरिकले यस पार्टीको सदस्यता प्राप्त गर्न सक्नेछन् ।

ख) पार्टीको सदस्यता लिन चाहने योग्यता पुगेको व्यक्तिले पार्टीले निर्धारण गरेको आवेदन पत्र भरेर व्यक्तिगत रुपमा सम्बन्धित कमिटिमा आवदेन दिन सकिने छ । साथै अनलाइनबाट समेत सदस्यता आवेदन दिन सकिने छ ।

ग) सम्बन्धित समितिले आवेदनमाथि छलफल गर्नेछ । बैठकले आवेदन स्वीकृत गरेपछि अनुमोदनको लागि आफ्नो रायसहित सम्बन्धित समिति यसको जानकारी अभिलेखको लागि प्रदेश समिति र केन्द्रीय समितिमा सक्नेछ ।

### धारा - १२ : पार्टी सदस्यहरुको काम, कर्तव्य निम्न अनुसार हुनेछ

क) पार्टीद्वारा पारित राजनीतिक प्रतिवेदन, नीति, कार्यक्रम, विधान तथा निर्देशनलाई बिनासर्त कार्यान्वयन गर्नु र "स्वाभिमानी नागरिक, समान अवसरस आत्मनिर्भर नेपाल, साझा समृद्धि" संकल्प पुरा गर्न ततपर रहनु र नेतृत्व गर्नु,

जनसमृद्धि पार्टी नेपाल

ख) पार्टीको लक्ष्य पुरा गर्न सिर्जनात्मक प्रयोग गर्नु, अध्ययन गर्नु र पार्टीको नीति जनताको बिचमा पुयाउनु,

ग) भिन्न मतको कदर गर्नु, फरक विचार राख्ने सहकर्मीहरू र पार्टी बाहिरका मित्रहरुसँग मिलेर काम गर्न प्रयत्नशील रहनु,

ङ) पार्टीद्वारा पारित नीति, नियम र अनुशासनको पालना गर्नु, श्रम प्रति सम्मान र कदर गर्दै श्रम तथा उत्पादनमूलक कार्यमा भाग लिनु,

च) पार्टीको नयाँ सदस्य बनाउनको लागि पहल गर्नु, पार्टी हित र एकता जोगाउन निरन्तर प्रयत्नशील रहनु,

छ) पार्टीद्वारा तोकिएको लेबि दिनु र नियमित रुपमा आर्थिक सहयोग गर्नु ।

**धारा - १३ : पार्टी सदस्यहरुको अधिकार**

क) आफू रहेको समिति बैठकमा भाग लिन, बैठकमा प्रस्ताव राख्न, छलफल गर्न र मतदानमा भाग लिन सक्नेछन् ।

ख) पार्टीमा चुन्ने र चुनिने अधिकार हुनेछ ।

ग) आफू बसेको समिति र त्यो भन्दा उपल्लो समितिहरूमा आफ्नो मत, विचार, सुझाव पठाउन सक्नेछन् ।

**धारा - १४ : समर्थक सदस्यताबारे**

क) प्रत्येकले सदस्यता शुल्क वापत रू. १००/- तिरेर पार्टीको सदस्य बन्न सक्नेछन् प्रत्येक वर्ष वार्षिक शुल्क रु. १००/- तिरी सदस्यता नविकरण गर्नुपर्नेछ । नेपाल बाहिर रहेकाहरुको सदस्यहरुको हकमा सम्बन्धित देश अनरुप शुल्क लागु हुनेछ ।

**धारा - १५ : पुनः सदस्यता प्राप्ति**

विविध कारणले राजीनामा गरेर, जिम्मेवारी पुरा नगरेर वा अन्य कारणले सदस्यता गुमाएका व्यक्तिले अर्को कालखण्डमा आएर पार्टीको सदस्यताको लागि निवेदन दिएमा कम्तिमा केन्द्रीय कमिटिको स्वीकृतिमा पुनः सदस्यता दिन सकिने छ ।

**धारा - १६ : मानार्थ सदस्यता**

देश विकाशमा विशिष्ट योगदान पुयाउने व्यक्तिहरूलाई केन्द्रीय समितिले मानार्थ सदस्यता दिन सकिनेछ । मरणोप्रान्त पनि त्यस्तो सदस्यता दिन सकिने छ ।

**धारा - १७ : सदस्यता समाप्ति**

तल लेखिएको अवस्थामा सदस्यता समाप्त हुनेछ :

क) राजीनामा स्वीकृत भएमा,

ख) पार्टी सदस्यताबाट कारवाहीमा परी निष्काशन भएमा,

ग) सु-सुचित हुँदा हुँदै पनि ६ महिनासम्म मासिक लेवी नबुझाएमा,

घ) उचित कारण बिना लगातार ६ महिनासम्म कुनैपनि जिम्मेवारी नलिई निष्क्रिय रहेमा । तर विदेशमा गएका वा जेल जीवन बिताइरहेका सदस्यहरुलाई यो नियम लागू हुने छैन ।

ङ) पार्टी सदस्यता अद्यावधिक नगरेमा,

च) पार्टीको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित भएर पनि त्यस्तो सम्पत्ति फिर्ता नगरेमा ।

## भाग - ५

## पार्टीको पार्टीत्मक सिद्धान्त

राष्ट्रिय जनसमृद्ध पार्टी नेपाल

**धारा - १८ : पार्टीत्मक सिद्धान्त**

पार्टीको संगठानिक सिद्धान्त जनतामा आधारित केन्द्रीयता हुनेछ । जसअनुसार व्यक्ति पार्टीको मातहत, अल्पमत बहुमतको मातहत, तल्लो कमिटि उपल्लो कमिटिको मातहत, सिङ्गो पार्टी केन्द्रीय समितिको मातहत र केन्द्रीय समिति राष्ट्रिय सम्मेलनको मातहत हुनेछन् ।

**धारा - १९ : नेतृत्वदायी अङ्गहरु**

पार्टीको सबै तहका नेतृत्वदायी अङ्गहरु सम्बन्धित तहको अधिवेशन वा सम्मेलनबाट निर्वाचित हुनेछन् । निर्वाचन गोप्य मतदानबाट गरिने छ ।

**धारा - २० : आत्मालोचना-आलोचना**

पार्टीमा आत्मालोचना-आलोचनाको पद्धतिलाई अबलम्वन गरिने छ । तथा छलफलमा स्वतन्त्रता र कामकारवाहीमा एकरुपताको नीति अवलम्बन गरिने छ ।

**धारा - २१ : सर्वोच्च अंग**

पार्टीको सर्वोच्च अंग राष्ट्रिय सम्मेलन हुनेछ । सम्मेलन नबसेको अवस्थामा केन्द्रीय समिति पार्टीको सर्वोच्च अंग हुनेछ ।

**धारा - २२ : नियुक्ति र बढुवा**

पार्टीका कार्यकर्ताहरुका नियुक्ति र बढुवा गर्दा राजनीतक स्पष्टता, इमान्दारिता, क्रियाशीलता, निरन्तरता, देश विकाश र संमृद्धि प्रतिको निष्ठाको आधारमा गरिने छ ।

**धारा - २३ : नेतृत्व**

सबै तहका पार्टीको कमिटिहरुले सामूहिक नेतृत्व र व्यक्तिगत जिम्मेवारी अनुसार काम गर्नु पर्नेछ ।

**धारा - २४ : तल्ला समिति**

तल्ला समितिहरुले आफ्नो काम र अन्य परिस्थितिको बारेमा उपल्लो कमिटिमा रिर्पोट पठाउने र उपल्लो कमिटिले तल्ला कमिटिहरुलाई अनुगमन गर्ने पद्धति अपनाइने छ ।

## भाग - ६

## पार्टीको पार्टीत्मक ढाँचा, काम कर्तव्य र अधिकार

**धारा - २५ : राष्ट्रिय सम्मेलन**

पार्टीको राष्ट्रिय सम्मेलन प्रत्येक पाँच वर्षमा आयोजना गरिने छ । विशेष अवस्था आएमा केन्द्रीय समितिले निर्धारित समय भन्दा अघि वा पछि गर्न सक्नेछ ।

क) पार्टीको सर्वोच्च निकाय राष्ट्रिय सम्मेलन हुनेछ । राष्ट्रिय सम्मेलनको संचालन केन्द्रीय समितिले तयार गरेको प्रक्रियाबाट हुनेछ ।

ख) राष्ट्रिय सम्मेलनको लागि प्रतिनिधि र पर्यवेक्षकको छनोट प्रकृया र संख्या केन्द्रीय समितिले तय गरे अनुसार हुनेछ ।

ग) केन्द्रीय समितिको एक तिहाई (१/३) सदस्य वा मैजुदा एक तिहाइ जिल्ला समिति उचित कारण खुलाइ लिखित रुपमा राष्ट्रिय सम्मेलनको माग गरेमा ६ महिनाभित्र पार्टीको राष्ट्रिय सम्मेलन गर्नुपर्नेछ ।

घ) विशेष परिस्थितिमा राष्ट्रिय सम्मेलन आयोजाना गर्न नसकिने परिस्थीतिमा राष्ट्रिय भेला गर्न सकिनेछ ।

**धारा - २५ : राष्ट्रिय सम्मेलनको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछ :**

क) केन्द्रीय समितिले प्रस्तुत गरेको रिपोट माथि छलफल गरी पारित गर्नु ।

ख) आवश्वयकता अनुसार पार्टी विधान संशोधन गर्नु ।

ग) केन्द्रीय समितिको संख्या निर्धारण गर्नु र केन्द्रीय समितिको पूर्ण र वैकल्पिक सदस्यहरुको निर्वाचन गर्नु/गराउनु ।



राष्ट्रिय जनसमृद्धि पार्टी नेपाल

घ) पार्टीको नीति, कार्यक्रम र कार्ययोजना तय गर्ने छ ।

**धारा - २६ : केन्द्रीय समिति**

दुई राष्ट्रिय सम्मेलनबीचको सर्वोच्च कार्यकारी अङ्ग केन्द्रीय समिति हुनेछ ।

क) केन्द्रीय समितिका पूर्ण र वैकल्पिक सदस्यहरु राष्ट्रिय सम्मेलनद्वारा निर्वाचित हुनेछन् ।

ख) केन्द्रीय समिति राष्ट्रिय सम्मेलन प्रति उत्तरदायी हुनेछ ।

ग) केन्द्रीय समितिको सदस्यको लागि आवश्यक मापदण्ड राष्ट्रिय सम्मेलनले निर्धारण गर्नेछ ।

घ) विषेश कारणवश राष्ट्रिय सम्मेलनद्वारा निर्वाचित केन्द्रीय समितिका बहुमत पूर्ण सदस्यहरु नरहेको स्थितिमा बाँकी सदस्यहरु र तिनीहरुद्वारा प्रदेश समितिबाट निश्चित संख्यामा सदस्यहरु मनोनित गरी केन्द्रीय पार्टी समिति बनाइने छ । त्यसले बढीमा १ वर्षीभत्र राष्ट्रिय सम्मेलन आयोजना गर्नु पर्नेछ ।

**धारा - २७ : केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार निम्न अनुसार हुनेछन् :**

क) राष्ट्रिय सम्मेलनबाट निर्वाचित केन्द्रीय सदस्यहरूले आफू मध्येबाट अध्यक्ष-१, वरिष्ठ उपाध्यक्ष-१, उपाध्यक्ष-२ (अधिकतम), महासचिव-१, सह-महासचिव-१, कोषाध्यक्ष-१, सह-कोषाध्यक्ष-१ र प्रवक्ता-१ सहित केन्द्रीय समितिको चयन गर्नेछ । केन्द्रीय समितिले समिति संख्याको एक तिहाई नबढाई केन्द्रीय सचिवालय गठन गर्नेछ । पदाधिकारी सचिवालयको पदेन सदस्य हुनेछन् । आवस्यकता अनुरुप केन्द्रीय समितिले केन्द्रीय सचिवालयको एक तिहाई नबढाई केन्द्रीय कार्यालय गठन गर्नेछ ।

ख) केन्द्रीय समितिले एउटा सल्लाहकार समितिको गठन गर्नेछ ।

ग) राष्ट्रिय सम्मलेन वा भेलाको आयोजना गर्नु र राजनीतिक, सांगठनिक प्रतिवेदन प्रस्तुत गर्नु ।

घ) केन्द्रीय समितिले राष्ट्रिय सम्मेलन वा भेलाद्वारा पारित कार्यक्रम, कार्यीदशा, रणनीति तथा कार्यनीतिलाई कार्यान्वयन गर्न/गराउन पार्टीलाई नेतृत्व प्रदान गर्नेछ ।

ङ) पार्टीका सदस्यहरुलाई वैज्ञानिक विचार सिद्धान्तमा आधारित वैचारिक विचार, रणनीति, कार्यनीति र पार्टीत्मक प्रश्नमा प्रशिक्षण दिनु ।

च) पार्टीको कार्य सम्पादनको लागि आवश्यक विभागहरु गठन गर्नु ।

छ) वार्षिक आर्थिक योजना तयार पार्नु र कार्यान्वयन गर्नु/गराउनु ।

ज) पार्टीको विधान २०८२ को कुनै धारा वा दफाबारे विवाद परेमा त्यसको अन्तिम व्याख्या गर्नु ।

झ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भाइचारा पार्टीहरुसँग मैत्रीपूर्ण सम्बन्ध कायम गर्नु र पार्टीको अन्य आवश्यक कामहरुको सञ्चालन गर्नु ।

ञ) केन्द्रीय समितिको बैठक सामान्यतया प्रत्येक ४ महिनामा बस्ने छ । केन्द्रीय कार्यालयले आवश्यकता अनुसार केन्द्रीय समितिको बैठकको आयोजना निर्धारित समयभन्दा अघि वा पछि गर्न सकिने छ । केन्द्रीय समितिका एक तिहाई सदस्यले एजेण्डा समेटी बैठकको लिखित माग गरेमा केन्द्रीय कार्यालयले छानबिन गरि उचित ठानेमा केन्द्रीय समितिको बैठक ७ दिन भित्र आयोजना गर्नु पर्नेछ ।

**धारा - २८ : सचिवालय र कार्यालय**

केन्द्रीय समितिको पूर्ण सदस्य संख्याको बढीमा एक तिहाई भन्दा बढी नहुने गरी केन्द्रीय समितिले सचिवालय गठन गर्नेछ । आवस्यकता अनुरुप केन्द्रीय समितिले केन्द्रीय सचिवालयको एक तिहाई नबढाई केन्द्रीय कार्यालय गठन गर्नेछ । केन्द्रीय समिति नबसी रहेको अवस्थामा केन्द्रीय समितिले गर्ने काम सचिवालय गर्ने छ । केन्द्रीय सचिवालय समेत बस्न नसक्ने अवस्थामा केन्द्रीय सचिवालयले गर्ने काम केन्द्रीय कार्यालय गर्ने छ । सचिवालय र केन्द्रीय कार्यालय केन्द्रीय समितिप्रति उत्तरदायी हुनेछ ।

**धारा - २९ : विशेष राष्ट्रिय सम्मलेनको व्यवस्था**

क) विशेष राष्ट्रिय सम्मलेन गर्नुपर्ने उचित कारण सहित १) राष्ट्रिय सम्मलेनबाट निर्वाचित केन्द्रीय समितिले राष्ट्रिय सम्मलेनको निर्णयको विपरीत काम गरिरहेको छ भन्ने प्रष्ट आधारहरु किटान गरी २) केन्द्रीय समितिले पार्टी र क्रान्तिको हित विपरीत काम गरिरहेको छ भन्ने लागेमा कुनै जिल्ला समिति वा सदस्यहरुले विशेष सम्मलेनको माग गर्न सक्ने छन् । त्यस्तो माग गर्ने जिल्ला समिति वा सदस्यहरु कुलसंख्याको एक तिहाई पुगेमा पार्टी केन्द्रले उनीहरुको मागको जानकारी सबै जिल्लाहरुलाई पठाउने छ र एउटा निश्चित अवधिभित्र आ-आफ्नो राय केन्द्रमा पठाउन निर्देशन गर्ने छ । ५१ प्रतिशत जिल्ला समितिले त्यो मागलाई समर्थन गरेमा ३ महिनाभित्र केन्द्रीय समितिले विशेष राष्ट्रिय सम्मलेनको आयोजना गर्नु पर्ने चार महिनाभित्र केन्द्रीय समितिले विशेष राष्ट्रिय सम्मलेन आयोजना नगरेमा विशेष सम्मलेनको माग गर्ने जिल्लाहरुले ५१ प्रतिशत जिल्ला समितिहरु वा बहुमत सदस्यहरूको समर्थनमा विशेष सम्मलेन आयोजक समिति बनाई विशेष सम्मलेन गर्न सक्ने छ ।

**धारा - ३० : राष्ट्रिय भेला**

केन्द्रीय समितिले आवश्यक ठानेमा पार्टीको महत्वपूर्ण निर्णयहरू गर्नको लागि भेलाको आयोजना गर्ने छ । राष्ट्रिय भेलामा प्रतिनिधित्वको व्यवस्था केन्द्रीय समितिले निर्धारण गरे अनुसार हुनेछ ।

**धारा - ३१ : सल्लाहकार**

समिति केन्द्र र स्थानीय तहमा सम्बन्धित समितिहरुले आ-आफ्नो तहमा सल्लाहकार समितिहरुको गठन गर्न सक्नेछ । सल्लाहकार समितिका सदस्यहरूले आफू मध्येबाट १ जना संयोजक चयन गर्नेछ । सल्लाहकार समितिले बैठक बसी सैद्धान्तिक राजनीतिक, सांगठनिक विषयहरुमा आ-आफ्नो तहको समितिलाई सल्लाह सुझाव दिनेछन् । सल्लाहकार हुनको लागि केन्द्रीय समितिले निश्चित मापदण्ड बनाउनेछ ।

## भाग - ७

## स्थानिय पार्टीत्मक ढाँचा, काम कर्तव्य र अधिकार

**धारा - ३२ : स्थानिय पार्टी**

सामान्यतया स्थानीय पार्टीहरु भन्नाले राज्य संरचनाका प्रशासनिक इकाईहरु प्रदेश, जिल्ला, नगरपालिका, गाँउपालिका (नगरपालिका भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका समेत जनाउँद छ) र वडाहरु रहने छन् । प्रवासमा प्रवास शाखा रहने छ ।

**धारा - ३३ : प्रदेश अधिवेशन र प्रादेशिक समिति**

क) प्रदेश अधिवेशन सामान्यतया प्रत्येक ३ वर्षमा हुनेछ । विशेष अवस्थामा निर्धारित समयभन्दा अघि वा पछि गर्न सकिने छ । त्यसो गर्दा केन्द्रीय समितिको स्वीकृति आवस्यक पर्नेछ ।

ख) प्रदेश अधिवेशनको निम्ति सम्बन्धित प्रदेशमा रहेका कम्तिमा एक तिहाई जिल्लाहरुमा जिल्ला समिति गठन भएको हुनु पर्दछ । तोकिएको समय सिमासम्म प्रादेशिक अधिवेशन हुन नसकेको प्रदेशमा केन्द्रीय समितिले प्रादेशिक पार्टी समिति गठन गर्नेछ ।

ग) प्रदेश समितिले निर्धारण गरेको मापदण्ड अनुसार प्रदेश अधिवेशनका प्रतिनिधिहरु छनोट हुने छन् ।

घ) प्रदेश अधिवेशनले सम्बधित प्रदेश समितिले प्रस्तुत गरेको राजनीतिक, सांगठनिक, प्रतिवेदन पारित गर्नेछ । साथै आवस्यक समासमाहिक प्रस्ताव प्रस्तुत, छलफल तथा पारित गर्न सक्ने छ ।

ङ) प्रदेश अधिवेशनले प्रदेश समितिको संख्या निर्धारण गर्ने छ र प्रदेश समितिको पूर्ण र वैकल्पिक सदस्यहरुको निर्वाचन गर्ने छ ।

**धारा - ३४ : प्रदेश समितिको काम कर्तव्य र अधिकार**

क) प्रदेश अधिवेशनबाट निर्वाचित प्रदेश सदस्यहरूले आफू मध्येबाट अध्यक्ष-१, उपाध्यक्ष-२ (अधिकतम), सचिव-१, सहसचिव-१, कोषाध्यक्ष-१ को चयन गर्नेछ । प्रदेश समितिले समिति संख्याको एक तिहाई नबढाई प्रदेश सचिवालय र आवस्यक प्रदेश विभागहरू गठन गर्न सक्नेछ ।



राष्ट्रिय जनमोर्चा पार्टी नेपाल

ख) प्रदेश समितिले केन्द्रीय समितिका निर्णय र निर्देशनहरुलाई मातहतका सम्पूर्ण पार्टीहरू सम्म लागू गर्ने/गराउने ।

ग) प्रदेश समितिले आफ्नो भौगोलिक इलाका भित्रको राजनीतिक, आर्थिक, सामाजिक, पार्टीत्मक अवस्थाको ठोस विश्लेषण गरेर पारित केन्द्रीय नीति अर्न्तगत पार्टी र संघर्षका ठोस योजनाहरु बनाइ लागु गर्ने/गराउने ।

घ) मातहतका समितिहरूबाट आएका सुझावहरु, विमतिहरुलाई सकारात्मक निष्कर्षमा पुयाउने । मातहतका सम्पूर्ण समितिहरूको पार्टी, काम/कारवाही अवस्थाको अवस्था विद्यमान चुनौतीहरु समेटेर केन्द्रमा रिपोर्ट पुयाउने ।

ङ) पार्टीका सदस्यहरुलाई वैज्ञानिक विचार सिद्धान्तमा आधारित वैचारिक विचार, रणनीति, कार्यनीति र पार्टीत्मक प्रश्नमा प्रशिक्षण दिनु ।

च) प्रदेश सल्लाहकार समिति गठन गर्नु ।

प्रदेश समितिको बैठक नबसेको अवस्थामा प्रादेशिक सचिवालयले दींनक काम संचालन गर्नेछ । लगतै बसेको प्रदेश बैठकले प्रदेश कार्यलय र प्रदेश सचिवालयले गरेको काम कारवाही तथा निर्णयको अनुमोदन गर्नेछ ।

**धारा - ३५ : जिल्ला अधिवेशन र जिल्ला समिति**

क) जिल्ला अधिवेशन सामान्यतया प्रत्येक २ वर्षमा हुनेछ । विशेष अवस्थामा निर्धारित समयभन्दा अघि वा पछि गर्न सकिने छ । यसो गर्दा प्रादेशिक समितिको स्वीकृति चाहिने छ ।

ख) जिल्ला अधिवेशनले सम्वधित जिल्ला समितिबाट प्रस्तुत राजनीतिक, सांगठनिक, प्रतिवेदन पारित गर्नेछ । साथै आवस्यक समासमाहिक प्रस्ताव प्रस्तुत, छलफल तथा पारित गर्न सक्ने छ ।

ग) जिल्ला अधिवेशनले जिल्ला समितिको संख्या निर्धारण गर्ने छ र पूर्ण तथा वैकल्पिक सदस्यहरुको निर्वाचन गर्नेछ ।

घ) जिल्ला अधिवेशनको निम्ति सम्बन्धित जिल्लामा रहेका कम्तिमा एक तिहाई स्थानिय तहहरुमा पालिका समिति गठन भएको हुनु पर्दछ । तोकिएको समय सिमासम्म जिल्ला अधिवेशन हुन नसकेको जिल्लामा प्रदेश समितिले जिल्ला पार्टी समिति गठन गर्नेछ ।

**धारा - ३६ : जिल्ला समितिको काम कर्तव्य र अधिकार**

क) जिल्ला अधिवेसनबाट अध्यक्ष-१, उपाध्यक्ष-२ (अधिकतम), सचिव-१, सहसचिव-१, कोषाध्यक्ष-१को चयन गर्नेछ । जिल्ला समितिले समिति संख्याको एक तिहाई नबढाई जिल्ला सचिवालय र आवस्यक जिल्ला विभागहरू गठन गर्न सक्नेछ ।

ख) जिल्ला समितिले उपल्लो समितिका निर्णय र निर्देशनहरुलाई मातहतका सम्पूर्ण पार्टीहरू सम्म लागू गर्ने/गराउने ।

ग) जिल्ला समितिको बैठक नबसेको अवस्थामा जिल्ला सचिवालयले दींनक काम संचालन गर्नेछ । लगतै बसेको जिल्ला बैठकले जिल्ला कार्यलय र जिल्ला सचिवालयले गरेको काम कारवाही तथा निर्णयको अनुमोदन गर्नेछ ।

घ) जिल्ला मातहतका समितिहरूबाट आएका सुझावहरु, विमतिहरुलाई सकारात्मक निष्कर्षमा पुयाउने । मातहतका सम्पूर्ण समितिहरूको पार्टी, काम/कारवाही अवस्थाको अवस्था विद्यमान चुनौतीहरु समेटेर प्रदेश र केन्द्रमा रिपोर्ट पुयाउने ।

ङ ) जिल्ला समितिले मातहतका भौगोलिक इलाकाको राजनीतिक, आर्थिक, सामाजिक, पार्टीत्मक अवस्थाको ठोस विश्लेषण गरेर पारित केन्द्रीय नीति अर्न्तगत पार्टी र संघर्षका ठोस योजनाहरु बनाइ लागु गर्ने/गराउने ।

च) पार्टीका सदस्यहरुलाई वैज्ञानिक विचार सिद्धान्तमा आधारित वैचारिक विचार, रणनीति, कार्यनीति र पार्टीत्मक प्रश्नमा प्रशिक्षण दिनु ।

छ) पार्टी सदस्यता शुल्क (लेवी) उठाउन पहल गर्ने ।

ज) जिल्ला सल्लाहकार समिति गठन गर्नु/गराउनु ।

जिल्ला बैठक सामान्यतया प्रत्येक २ महिनामा बस्ने छ । जिल्ला कार्यालयले आवश्यकता अनुसार जिल्ला बैठकको आयोजना निर्धारित समयभन्दा अघि वा पछि गर्न सकिने छ । जिल्ला समितिका एक तिहाई सदस्यले एजेण्डा समेटी बैठकको लिखित माग गरेमा जिल्ला कार्यालयले उचित छानबिन गरि जिल्ला समितिको बैठक ७ दिन भित्र आयोजना गर्नु पर्नेछ ।

**धारा - ३७ : नगरपालिका र गाउँपालिका समितिहरु**

क) नगरपालिका र गाउँपालिकाको अधिवेशन प्रत्येक वर्षमा हुने छ ।

ख) सम्बन्धित अधिवेशनले सम्बन्धित तहको समितिबाट प्रस्तुत राजनीतिक, सांगठनिक प्रतिवेदन छलफल गरी पारित गर्ने छ । साथै आवस्यक समासमाहिक प्रस्ताव प्रस्तुत, छलफल तथा पारित गर्न सक्ने छ ।

ग) सम्बन्धित अधिवेशनले सम्बन्धिते समितिको संख्या निर्धारण गरि सदस्यहरुको निर्वाचन गर्नेछ ।

**धारा - ३८ : नगरपालिका र गाउँपालिका समितिको काम कर्तव्य र अधिकार**

क) सम्बधित समितिले अधिवेसन/भेलाबाट अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्षको चयन गर्नेछ । सम्बधित समितिले समिति संख्याको एक तिहाई नबढाई सचिवालय गठन गर्न सक्नेछ

ख) सम्बधित समितिले उपल्लो समितिबाट आएका निर्णय र निर्देशनहरुलाई मातहत क्षेत्रमा लागू गर्ने/गराउने ।

ग) मातहतका समितिहरूबाट पार्टी र संघर्ष सम्बधमा भएका काम/कारवाही, विद्यमान चुनौतीहरु तथा सुझावहरु समेटेर उपल्लो समितिमा रिपोर्ट पुयाउने ।

घ) पार्टी सदस्यता शुल्क (लेवी) उठाउन पहल गर्ने ।

ङ) स्थानीय संघर्षमा भाग लिनु र वर्ग दुश्मनको विरुद्ध शोषित, उत्पीडित वर्ग/समुदायको न्यायपूर्ण संघर्षको नेतृत्व गर्नु ।

च) जनताका अन्तरविरोधहरुलाई मैत्रीपूर्ण ढंगबाट हल गर्न पहल गर्नु ।

छ) पार्टीका सदस्यहरुलाई वैज्ञानिक विचार सिद्धान्तमा आधारित वैचारिक विचार, रणनीति, कार्यनीति र पार्टीत्मक प्रश्नमा प्रशिक्षण दिनु ।

ज) सम्बधित समितिको बैठक सामान्यतया प्रत्येक प्रत्यक महिनामा बस्ने छ । आवश्यकता अनुसार बैठकको आयोजना निर्धारित समयभन्दा अघि वा पछि गर्न सकिने छ ।

**धारा - ३९ : वडा अधिवेशन र वडा समिति**

क) वडाभित्र रहेका साधारण सदस्यहरुको अधिवेशन प्रत्येक वर्षमा हुने छ ।

ख) अधिवेशनले वडा समितिबाट प्रस्तुत राजनीतिक, सांगठनिक प्रतिवेदन छलफल गरी पारित गर्ने छ । साथै आवस्यक समासमाहिक प्रस्ताव प्रस्तुत, छलफल तथा पारित गर्न सक्ने छ ।

ग) अधिवेशनले वडा समितिको संख्या निर्धारण गरि सदस्यहरुको निर्वाचन गर्नेछ ।

**धारा - ४० : वडा समितिको काम कर्तव्य र अधिकार**

क) वडा समितिले अधिवेसन/भेलाबाट अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव (आवस्यता भए), कोषाध्यक्षको चयन गर्नेछ । वडा समितिले समिति संख्याको एक तिहाई नबढाई सचिवालय गठन गर्न सक्नेछ ।

ख) वडा समितिले उपल्लो समितिबाट आएका निर्णय र निर्देशनहरुलाई मातहत क्षेत्रमा लागू गर्ने/गराउने ।

ग) स्थानीय परिस्थितिको ठोस अध्ययन गरी सिर्जनशील ढंगले पार्टीको निर्णय लागू गर्ने ।

घ) पार्टी सदस्यता वृद्धिको लागि पहल गर्नु र उपल्लो समितिमा सिफारिस गर्नु ।

ङ) स्थानीय संघर्षमा शोषित पीडित जनताको पक्षमा उभिनु र नेतृत्व प्रदान गर्नु ।

च) स्थानीय परिस्थिति, पार्टीको आधार र अवस्था र पार्टीको काम/कारवाही, विद्यमान चुनौती तथा सुझावहरु समेटेर उपल्लो समितिमा नियमित रिपोर्ट पठाउनु ।

छ) नियमित लेवी उठाउनु र व्यवस्थित गर्नु । आर्थिक प्रणालीलाई व्यवस्थित पार्नु ।

ज) पार्टीको समर्थक समूह बनाउने र त्यसको परिचालन गर्ने ।

झ) पार्टीले आयोजना गरेको संघर्ष र अन्य कार्यक्रमहरुमा भाग लिनु र लिन लगाउनु ।

ञ)	पार्टीद्वारा प्रकाशित प्रकाशनहरुको ग्राहक बन्नु, बिक्रि वितरण गर्नु र प्रचार तथा आवस्यक सहयोग गर्नु/गराउनु।

ट)	पार्टी सदस्यहरु र समर्थक सदस्यहरुलाई पार्टीको पारित नीति कार्यक्रमको बारेमा प्रशिक्षण दिने व्यवस्था मिलाउनु।

ठ)	सम्बधित समितिको बैठक सामान्यतया प्रत्येक प्रत्यक महिनामा बस्ने छ । आवश्यकता अनुसार बैठकको आयोजना निर्धारित समयभन्दा अघि वा पछि गर्न सकिने छ।

## भाग - ९

## अनुशासनको कारवाही, अनुशासन आयोग, पद रिक्तता र पदपूर्ति

**धारा - ४१ : पार्टीलाई अनुशासित राख्न निम्न अनुसारको काम कारवाही हुनेछ :**

क)	सबै पार्टी सदस्य, पदाधिकारी र कमिटिहरुले पार्टीको पारित विधान, कार्यक्रम, नीति, विचार र निर्णयहरुलाई निःशर्त पालन गर्नु पर्ने छ। पारित विधान, कार्यक्रम, नीति, विचार र निर्णयहरु विपरित कार्य गरेको ठहर भएमा गल्ती/अपराधको प्रकृति हेरी अनुशासनको कारवाही गर्न सकिनेछ।

ख)	पार्टी सदस्यले देशको कानूनले प्रतिवन्धित व्यवहार गर्न पाइने छैन। गरेमा अनुशासनको कारबाही गरिनेछ। कार्वाहीको विधि अपनाईनेछ।

ग)	आफूमाथि कारवाहीको प्रक्रिया चलिरहेको अवस्थामा सम्बन्धित सदस्य वा समितिलाई स्पष्टीकरण दिने अवसरबाट बञ्चित गराइने छैन।

घ)	अनुशासन कारवाहीमा परेका समिति वा सदस्यले अनुशासन कारवाही चित्त नबुझेको अवस्थामा ३० दिनभित्रमा माथिल्लो समितिमा पुनरावेदन गर्न सक्नेछ।

ङ)	बिना सूचना लगातार तीन पटकसम्म बैठकमा अनुपस्थिति भएमा सम्वन्धित समितिले निजलाई अनुशासनको कार्वाही गर्न सक्नेछ।

**धारा - ४२ : अनुशासन सम्बन्धी छानविन आयोग**

पार्टी सदस्य तथा समितिहरुले अनुशासन उल्लघंन गरेको कुरा आएमा केन्द्र, प्रदेश र जिल्ला समितिहरुले आ-आफ्नो तहमा आवश्यकता अनुसार अनुशासन सम्वन्धी छानविन आयोग गठन गर्न सक्नेछन्। अनुशासन सम्वन्धी छानविन आयोगले दिएको रिपोर्टको अध्ययन गरी सदस्यको हकमा सम्बन्धित समितिको सिफरिसमा र समितिको हकमा उपल्लो समितिले अनुशासन आयोगको सिफारिसमा कारवाही गर्नेछ। सोको जानकारी केन्द्रीय समितिमा पठाउनु पर्नेछ।

**धारा - ४३ : पदरिक्तता**

कुनै पनि समितिका पदाधिकारीहरूले राजिनामा दिएमा अनुशासनको कारवाहीमा परेमा वा मृत्यु भएमा उक्त पद रिक्त भएको मानिनेछ। बन्दी वा बेपत्ता भएको अवस्थामा पार्टीको केन्द्रीय समितिले उचित निर्णय लिन सक्नेछ।

**धारा - ४४ : पदपुर्ति**

कुनै पनि समितिको साधारण बहुमतले रिक्त रहेको पदपुर्ति गर्न सक्नेछ। माथिल्लो समितिले अनुमोदन गरे पश्चात पदपुर्तिको निर्णय कार्यान्यनमा जानेछ।

## भाग - १०

## आर्थिक कोष र सञ्चालन विधि

**धारा - ४५ : पार्टीको आर्थिक कोष र सञ्चालन विधि**

पार्टीको केन्द्र, प्रदेश, जिल्ला र पालिकाहरुमा सम्बधित पार्टीको एक कोषको व्यवस्था हुने छ। कोषको आर्थिक स्रोत निम्नानुसार हुनेछ :



राष्ट्रिय जनसमाजवादी पार्टी नेपाल

क) सदस्यता शुल्क (पेशाबाट तलब आर्जन गर्ने पार्टी सदस्यहरुले आफ्नो तवलबको १ देखि ३ प्रतिशतसम्म पार्टीलाई नियमित रुपमा सदस्य शुल्क बुझाउनु पर्नेछ । कसले कति प्रतिशत बुझाउने भन्ने कुराको टुंगो सम्बन्धित कमिटिले लगाउने छ । अन्य पार्टी सदस्यहरुको हकमा सदस्यता शुल्क कति तिर्ने भन्ने कुराको निर्णय उसको आर्थिक अवस्था हेरी सम्बन्धित कमिटिले टुंगो लगाउने छ त्यसो गर्दा रु १००/- भन्दा तल हुने छैन ।

ख) उपल्लो कमिटिबाट प्राप्त अनुदान,

ग) जनसहयोगबाट प्राप्त रकम,

घ) पार्टीको व्यवसाय र विशेष कार्यक्रमबाट आएको रकम,

ङ) पार्टीको प्रकाशन बिक्रि वितरणबाट प्राप्त रकम,

च) केन्द्रीय कोषको सञ्चालन केन्द्रीय समितिको निर्णय अनुसार तथा अन्य तहको हकमा सम्बन्धित तहको समितिको निर्णय अनुसार हुनेछ ।

छ) सबै तहका समितिहरुको विषेश समिति बनाइ कोषको आवधिक लेखा परीक्षण गरिने छ र सम्बन्धित तहको बैठक र अधिवेशनमा प्रस्तुत गरिने छ ।

ज) पार्टीको सबै गतिविधी सञ्चालन गर्नका लागि आवस्यक आर्थिक व्यवस्था सम्बन्धित समितिले नै गर्नेछ ।

झ) सदस्यता शुल्क, नविकरण शुल्क, मासिक लेवी, श्रम शिविर, चन्दा सहयोग र विविध रचनात्मक कामद्वारा प्राप्त रकम नै पार्टीको आयश्रोत हुनेछ ।

ञ) पार्टीको केन्द्रीय समिति र मातहतका समितिले आवश्यकताअनुसार आर्थिक कार्यक्रम सञ्चालन गरी अर्थ संकलन गर्न सक्नेछ ।

ट) पार्टीको केन्द्रदेखि इलाकासम्मका समितिका सबै पदाधिकारीहरुले मासिक एक दिन अनिवार्य श्रम गरी लेवी आफ्नो सम्बन्धित समितिमा बुझाउनुपर्नेछ ।

ठ) मातहतको सहितिले लेवी, प्रकाशन कोटा र विशेष आर्थिक कोटा आफ्नो माथिल्लो समितिमा बुझउनुपर्नेछ ।

ड) समितिको सम्पूर्ण वार्षिक आर्थिक कारोबार (आय/व्यय) रिपोटको विवरण सम्बन्धित समितिको बैठक, भेला र सम्मेलनमा प्रस्तुत गर्नुपर्नेछ । पार्टीको वार्षिक आय/व्ययको रिपोर्ट माथिल्लो समितिमा पठाउनु पर्नेछ ।

ढ) पार्टी केन्द्रबाट विशेष अवस्थामा चलाएको विशेष आर्थिक अभियानको सम्पूर्ण रकम केन्द्रमा पठाउनुपर्नेछ ।

## भाग - ११
## विविध

**धारा - ४६ : विभागहरु**

केन्द्रीय समितिको कामलाई प्रभावकारी ढंगले संचालन गर्नका लागि आवश्यक विभागहरु गठन सक्ने छ । विभागहरुको काम कर्तव्य अधिकार र कार्यविधि केन्द्रीय समितिको निर्णय अनुसार हुनेछ ।

**धारा - ४७ : सम्पर्क समिति**

काठमाडौं लगायत देशका ठूला शहरहरुमा देशका विभिन्न भागबाट आएर अस्थायी रुपमा बसेका पार्टी समर्थकहरुको बिचमा सम्पर्कमञ्चहरुको गठन गरिने छ । यसको नेतृत्व र परिचालन सम्बन्धित शहर रहेको प्रदेश कमिटिले गर्नेछ ।

**धारा - ४८ : जन संगठनहरु**

पार्टीले जनआधार व्यापक बनाउन र न्यायपूर्ण आन्दोलनमा जनसहभागिता जुटाउन विभिन्न वर्ग, पेशाका आधारमा जन संगठनहरुको निर्माण गर्नेछ । ती जन संगठनहरु आफ्नो विधान नियम अनुसार परिचालित हुनेछन् ।

**धारा - ४९ : सर्मथक समूह**

सर्मथक सदस्यहरुलाई लिएर सर्मथक समूह बनाउन सक्नेछन् । समर्थक समूहलाई पार्टीले नेतृत्व प्रदान गर्ने छ । सर्मथक समूहका सदस्यहरुले पार्टीलाई स्वेच्छिक आर्थिक सहयोग गर्नु पर्नेछ ।

**धारा - ५० : नियमावली**

पार्टीको विधान अर्न्तगत रही केन्द्रीय समितिले आवस्यता अनुरुप नियम, उपनियमहरु बनाउन सक्नेछ ।

**धारा - ५१ : आरम्भ**

राष्ट्रिय भेलामा प्रस्तुत तथा पारित राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको विधान-२०८२ ततकाल लागु हुनेछ ।

## भाग - १२

अनुसूचीहरु

### अनुसूची - १

धारा - २ सँग सम्बन्धित

पार्टीको छापको विवरण

यस राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको सबै तहमा प्रयोग गरिने छाप अण्डाकार हुनेछ । जसमा माथि पार्टीको नाम नेपाली र तल पार्टीको नाम अंग्रेजीमा रहनेछ र बीचमा पार्टीको झण्डा, नेपाली तथा अंग्रेजी सम्बन्धित समिति, स्थापना मिति उल्लेख हुनेछ । राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको छाप यसै नमुना अनुरुप हुनेछ ।

राष्ट्रिय जनसमृद्धि पार्टी नेपाल

## अनुसूची - २

धारा - ३ सँग सम्बन्धित

पार्टीको झण्डाको नमुना



राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको झण्डाको व्याख्या निम्न अनुसार रहेको छ : राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको झण्डा ३ अनुपात २ को आकारको पृष्ठभूमिमा उचाइको ३० प्रतिशत तल र ३० प्रतिशत माथि  निलो रंगले राष्ट्र निर्माणमा आवश्यक शान्तिपूर्ण साहस, दृढसंकल्प, देशभक्तिको ऊर्जा र जनशक्तिको बलको प्रतीक र माझको ४० प्रतिशत सेतो रंगले देश परिवर्तन गर्ने चेतना, आत्मविश्वास,  शान्ति र स्थिरता व्यक्त गर्दछ । साथै उदाउँदो परिलो सूर्यले नयाँ सुरुवात र परिवर्तनको उद्घोष, समृद्ध भविष्यको मार्गदर्शन र ज्ञान, पारदर्शिता, सत्य तथा प्रगतिको उज्यालो तथा उदाउँदो परिलो सूर्यमा रहेको पहेलो रंगले समृद्धि, बुद्धिमत्ता र सकारात्मक विकास को प्रतिनिधित्व गर्छ । साथै उदाउँदो परिलो सूर्य मुनि रहेको नीलो छाल (रेखा)ले देशको प्राकृतिक स्रोत-साधनको प्रतीक हो । राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको झण्डाको नमुना यसै प्रकार रहेको छ ।

राष्ट्रिय जनसमृद्धि पार्टी नेपाल

**अनुसूची- ३**

धारा - ४ सँग सम्बन्धित

पार्टीको निर्वाचन चिन्हको विवरण

राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको निर्वाचन चिन्ह गोलाकार भित्र अर्ध चन्द्रमा रहनेछ। राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको निर्वाचन चिन्ह यसै नमुना अनुरुप हुनेछ।

## अनुसूची- ५

धारा - १० को ग) सँग सम्बन्धित

पार्टीको सदस्यता प्राप्त गर्दा सदस्यले लिनुपर्ने शपथ ग्रहणको व्यहोरा : प्रतिवद्धता-पत्र

प्रतिवद्धता

म पार्टीको मार्गीनर्देशक सिद्धान्तलाई आत्मसात गर्दै राष्ट्रिय जनसमृद्धि पार्टी नेपालको विधान भित्र रही पार्टीको निर्देशनलाई कडाईका साथ पालना गर्नेछु । पार्टीले दिएको जिम्मेवारीलाई हर हमेशा दृढतापुर्वक कार्यन्वयन गरी देश विकाश र समृद्ध बनाउन जीवनको कठिन र अन्तिम घडिसम्म निरन्तर समर्पित हुनेछ । पार्टीद्वारा पारित नीति, कार्यक्रम र विधानलाई दृढतापूर्वक अवलम्वन गर्नेछु । पार्टीको गोपनीयता भंग गर्ने छैन । पार्टीको एकतालाई बचाउनको लागि दृढतापूर्वक उभिने छु । "स्वाभिमानी नागरिक, समान अवसर र आत्मनिर्भर नेपाल, साझा समृद्धि" हासिल गर्ने बाटोमा सदा अग्रिम पंक्तिमा उभिने प्रतिवद्धता व्यक्त गर्दछु । राष्ट्रिय जनसमृद्धि पार्टी नेपाल जिन्दावाद ! जिन्दावाद !

मिति :...................

हस्ताक्षर :...............

नाम :....................

ठेगाना :.................

राष्ट्रिय जनसमृद्धि पार्टी नेपाल

## नाराहरू :

आत्मनिर्भर र साझा समृद्धि बनाउन - एकजुट होऔं !

नागरिक अधिकार - सुनिश्चित  गर !

संविधान व्यभारिक - कार्यान्वयन गर !

नेपालमा गरिखाने - व्यवस्था गर !

गैर-आवासीय नेपालीहरुको अधिकार - सुनिश्चित गर !

राष्ट्रिय जनसमृद्धि पार्टी नेपाल- जिन्दावाद !

राष्ट्रिय जनसमृद्धि पार्टी नेपाल